# न्याय प्रणालीको सुदृढीकरण गर्दागर्दै सेवानिवृत्त भए श्रेष्ठ

**दिनेश गौतम** | *काठमाडौं*



विवादरहित न्याय सम्पादन र न्यायिक प्रशासनिक नेतृत्व। यही छवि कायम गर्दै प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ सेवा निवृत्त भएका छन्। झन्डै १४ महिनाको अवधिमा न्याय प्रणालीमा संस्थागत सुदृढीकरणमा गर्न प्रयासरत श्रेष्ठले आइतबार अवकाश पाएका हुन्।

६५ वर्षे उमेरहदका कारण श्रेष्ठ आइतबार सेवा निवृत्त भएका हुन्। उनी २०८० भदौ ५ गते प्रधान न्यायाधीशमा नियुक्त भएका थिए। उनी ३१ औं प्रधानन्यायाधीश हुन्। २०१६ सालमा डोटीमा जन्मिएका हुन्, श्रेष्ठ। २०७३ साउनमा सर्वोच्चको न्यायाधीशमा नियुक्त भएका थिए। प्रधानन्यायाधीशका रूपमा उनको १४ महिने कार्यकाल स्मरणीय रहेको संविधानविद्, कानुन व्यवसायी एवं बहालवाला न्यायाधीशहरूको टिप्पणी छ। 'प्रधानन्यायाधीशले प्रशासनिक नेतृत्व गर्ने हो। प्रशासनिक क्षमतालाई लिएर टिप्पणी गर्नु पर्ने ठाउँ देख्दिनँ। भूमिका सराहनीय नै देखिन्छ, 'संविधानविद् डा. विपिन अधिकारी भन्छन्, 'सामान्यतया: उहाँ(श्रेष्ठ)सुकिलो, निष्पक्ष र आधारभूत रूपमा स्वतन्त्र न्यायाधीशको रूपमा जसरी देखिनु पर्थ्यो। त्यही रूपमै देखिनुभयो।'

न्यायक्षेत्रमा झन्डै चार दशक लामो सेवा गरेका श्रेष्ठ तीनै तहका अदालतमा गरेको न्याय सम्पादनमा विवादरहित भए। प्रधानन्यायाधीशका रूपमा रहँदा उनले न्यायिक सुधारका प्रयासहरूलाई अघि बढाए। चुनौतीपूर्ण अवस्थामा गुज्रिरहेको न्यायालयलाई सही मार्ग प्रदान गरे। उच्च अदालतका न्यायाधीशहरूका भनाइमा जिल्ला न्यायाधीशबाट उच्च (पुनरावेदन) हुँदै सर्वोच्चमा प्रधान न्यायाधीशको भूमिकामा रहेर स्वच्छ छविको रूपमा अवकाश पाउनु आफैंमा गर्वलाग्दो छ।

२०३८ सालमा अस्थायी अधिकृत रूपमा सेवा सुरु गरेका श्रेष्ठ तीन वर्षपछि न्याय सेवामा स्थायी अधिकृतको नियुक्ति पाएका थिए। उनीसँगै सेवा सुरु गरेकाहरू कोही उच्च अदालतबाट सेवा निवृत्त भए। तर, श्रेष्ठले प्रतिस्पर्धामा धेरै सहकर्मीलाई पछि पारे। आफूभन्दा अघि न्याय सेवामा प्रवेशगरेका अनुभवि न्यायाधीशहरूलाई मिलाए। नेतृत्व गर्ने अवसर पाए। प्रधान न्यायाधीशबाट श्रेष्ठको अवकाशसँगै सर्वोच्च अदालतमा लामो समय जिल्ला न्यायाधीशको अनुभव प्राप्त व्यक्तिको अभाव देखिएको छ। हालै उच्च अदालतमा नियुक्त न्यायाधीश डिल्लिरत्न श्रेष्ठ भन्छन्, 'उहाँको अवकाशसँगसँगै सर्वोच्च अदालतबाट जिल्ला न्यायाधीशको अनुभव प्राप्त क्याडर जज पनि सेवा निवृत्त भएको अवस्था छ। उहाँ (श्रेष्ठ)को कार्यकाललाई स्वर्णिम प्रतिविम्बका रूपमा स्मरण गरिरहने छौं।'

सर्वोच्चमा न्यायाधीशका रूपमा ७ वर्ष न्याय सम्पादनपछि उनी प्रधानन्यायाधीशमा सिफारिस भएका हुन्। संविधानमा प्रधानन्यायाधीश हुनका लागि सर्वोच्च अदालतमा कम्तीमा तीन वर्ष न्यायाधीश भएको हुनुपर्ने योग्यता तोकिएको छ। मुद्दा बुझ्न र किनारा लगाउन खप्पिस श्रेष्ठलाई धेरै मुद्दा फछ्र्यौट गर्ने व्यक्तिका रूपमा समेत सहकर्मीले लिन्छन्। एक वर्षमा उनले एक हजार ४ सयभन्दा बढी मुद्दा फछ्र्यौट गरेको सर्वोच्चको वार्षिक प्रतिवेदनमा उल्लेख छ। देवानी मुद्दामा विशेष दख्खल भएका श्रेष्ठका संविधानसभा विघटन, एनसेलको कर विवाद, अदालतको अवहेलनालगायतका मुद्दामा उनले गरेको फैसलाले न्यायिक प्रणाली सुदृढ गर्नमा योगदान गरेको चर्चा न्यायवृत्तमा हुने गर्छ।

**संस्थागत सुदृढीकरणमा योगदान**

संविधानले प्रत्याभूति गरेको स्वतन्त्र, निश्पक्ष न्यायपालिकाको मान्यता अक्षुण्ण राख्दै प्रभावकारी न्याय प्रशासन कायम गरेका छन्। न्याय सम्पादनमा ढिलाइ भएको गुनासोकाबीच सर्वोच्च अदालतमा गत वर्ष झन्डै १५ हजार मुद्दा टुंगिएका छन्। यो संख्या सर्वोच्चकै इतिहासमा अहिलेसम्मकै धेरै हो।

तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा (२०७५-२०७९) न्यायालय विवादको पिरामिडमा उक्लेको थियो। जनस्तरबाट नै शंका उत्पन्न भएको थियो। त्यसपछि डेढ महिनाको छोटो अवधि प्रधानन्यायाधीश भएका हरिकृष्ण कार्कीको कार्यकाल उल्लेखनीय भएन। त्यसलगत्तै प्रधानन्यायाधीश भएका श्रेष्ठ सामु न्यायालयको साख वृद्धि गर्ने चुनौती थियो।

प्रधानन्यायाधीश हुनुअघि सबै तहका अदालतमा रिक्त न्यायाधीश दरबन्दी पदपूर्तिका लागि यथाशीघ्र प्रक्रिया अघि बढाउने उनको प्रतिबद्धता थियो। उच्च र जिल्ला अदालतमा दुई वर्ष नाघेका मुद्दाहरू शून्यमा ल्याउने जनाएका थिए। थुनुवा, ज्येष्ठ नागरिक, अशक्त, असहाय व्यक्तिको मुद्दाको पेसीमा प्राथमिकता दिने उनको योजना थियो। संसदीय सुनुवाइ समितिमा उनले स्वचालित पेशी तारेखसम्बन्धी सफ्टवेयर निर्माण, अदालतमा कोर्टरुम टेक्नोलोजीलगायतका नवीन प्रविधिको प्रयोग, मोबाइल एसएमएसबाट मुद्दाको कारबाहीको अवस्थाको जानकारी दिनेलगायतका कार्ययोजना पेस गरेका थिए।

श्रेष्ठले न्यायिक सुधारका सकारात्मक संकेतहरू छोडेका छन्। प्रधानन्यायाधीश बने लगत्तै उनले स्वचालित प्रणालीबाट तारेख व्यवस्थापन गर्ने निर्णय गर्दै कार्यान्वयन गरे। दैनिक पेसी सूची गोला प्रणालीबाटै सञ्चालन भए पनि पेसी तारेख भने स्वचालित (अटोमेसन) भएको छ। यसले न्यायालयभित्र हुने अनियमिततालाई न्यूनीकरण गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ। तारेख तोक्ने काममा कर्मचारीबाट हुने हस्तक्षेपको अन्त्य भएको छ। मुद्दाको प्रक्रियाबारे सूचना प्राप्त गर्न सहज भएको छ।


न्यायाधीश नियुक्तिमा हुने ठूलो चुनौती र टकरावका बीच उनले जिल्ला र उच्च र सर्वोच्च अदालतमा पनि न्यायाधीश नियुक्ति गरे। न्याय परिषद्का अध्यक्षसमेत रहेका श्रेष्ठले सर्वोच्च अदालतमा न्यायाधीश सिफारिसका क्रममा जाँदाजाँदै अनपेक्षित परिस्थिति झेल्नु पर्‍यो। उनको अध्यक्षतामा बसेको बैठकले एक साता अघि सर्वोच्च अदालतमा उच्च अदालतका दुई जना मुख्य न्यायाधीशलाई सिफारिस गरेको थियो। असोज ११ गतेको उक्त सिफारिसको विषयमा नेपाल बार एसोसिएसनले विरोध जनाएको थियो।

सर्वोच्चमा ७ जना न्यायाधीश रिक्त रहेको अवस्थामा बैठकले उच्च अदालत पाटनका मुख्य न्यायाधीश नृपध्वज निरौला र उच्च अदालतका मुख्यन्यायाधीश नित्यानन्द पाण्डेलाई सिफारिस गरेको हो। सर्वोच्च अदालतको निर्णयानुसार न्यायपरिषद् (पहिलो संशोधन ) नियमावली,२०८० खारेज हुनु पर्ने माग राख्दै बारले न्यायाधीश सिफारिसप्रति विरोध गरेको थियो। उनको कार्यकालमा पछिल्लो समय सर्वोच्चमा न्यायाधीश नियुक्ति विषयलाई लिएर बार-बेञ्चबीचको सम्बन्ध हार्दिक र सौहार्दपूर्ण हुन सकेन।

उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्षसमेत रहेका वरिष्ठ अधिवक्ता ज्योति बानियाँका अनुसार, श्रेष्ठले मेसिनले पेसी तोक्ने गरि अटामेसनमा लैजाने र नेपाल बारले भनेकै ठाउँमा अर्थात् सर्वोच्च अदालत परिसरभित्र नयाँ भवन बनाउन जग्गा पनि उपलब्ध गराएका थिए। वरिष्ठ अधिवक्ता बानियाँले पछिल्लो घटनाक्रमलाई लिएर नेपाल बार विरोधमा उत्रनुलाई बैगुनी संस्कृति विकास भएको र त्यसको चपेटामा श्रेष्ठ परेको टिप्पणी गरे।

'नेपालको संविधानबमोजिम तीनै तहका अदालतमा रिक्त हुने न्यायाधीश पदका नियुक्तिका लागि सिफारिस गर्ने संवैधानिक जिम्मेवारी पुरा गर्नु भएको हो,' श्रेष्ठका सहकर्मी एक न्यायाधीश भन्छन्, 'आफ्नो नेतृत्वमा भएको सिफारिस मात्र होइन कम्तीमा आफू अवकाशमा जानुअघि प्रधानन्यायाधीश सिफारिस हुन सकेकामा सन्तोष मान्नु भएको छ।'

# प्रेस काउन्सिलले निकाल्यो 'इयर बुक'




**काठमाडौं** (अन्नपूर्ण) : प्रेस काउन्सिल नेपालले ५५औं वार्षिकोत्सवको अवसरमा नेपाली सञ्चार जगतको समग्र वस्तुस्थिति समेट्ने गरी मिडिया इयर बुक प्रकाशन गरेको छ। यो प्रकाशन अंग्रेजी भाषामा छ।

नेपाली मिडियाको समग्र अवस्थाबारे अंग्रजी भाषामा आधिकारिक प्रकाशन नभएकाले काउन्सिलले यो पहल गरेको अध्यक्ष बालकृष्ण बस्नेतले जानकारी दिए। विशेषत: तीव्र रूपमा विकास भइरहेको मिडिया क्षेत्रमा हरेक वर्षका प्रमुख घट्ना, प्रवृत्ति, नीति र कार्यक्रमहरूको विवेचना गर्दै यो वर्ष पुस्तक प्रकाशन भएको हो। नेपालभित्र मात्र नभई अन्तर्राष्ट्रिय रूपमा नै नेपाल र नेपालको मिडियाबारे चासो राख्नेहरूलाई यो पुस्तक उपयोगी हुनेछ।

'हाम्रा प्राय: सबै प्रकाशन नेपाली भाषामा हुँदा बाहिरी जगतलाई मिडियाको अवस्था बुझाउन कठिन थियो। आधिकारिकरूपमा अंग्रेजीमा प्रकाशन नभएको सन्दर्भमा एयर बुकको अवधारणाले सिंगो प्रेस जगत बुझाउन सजिलो भएको छ,' यो प्रकाशनबारे अध्यक्ष बस्नेतले भने।

उक्त प्रकाशनको प्रारम्भिक रूपमा राष्ट्रपति रामचन्द्र पौडेलले काउन्सिलको वार्षिकोत्सवका अवसरमा सार्वजनिक गरेका थिए। शनिबारदेखि भने यसलाई आम जनमानसमा ल्याइएको काउन्सिलले जनाएको छ। यो वर्षको इयर बुक संस्करणमा जम्मा १६ वटा लेखहरू प्रकाशित छ।

जसमा नेपाली मिडिया क्षेत्रले भोगेका समस्यादेखि, अहिले प्रविधिले पत्रकारिता क्षेत्रमा ल्याएका चुनौती र अवसरहरू, मिथ्या सूचना, अभिव्यक्ति स्वतन्त्रता, टिकटकमाथि प्रतिबन्ध र खुलालगायत विषयमा लेखहरू प्रकाशित भएका छन्।

पत्रकार कमलदेव भट्टराई सम्पादक रहेको यो वार्षिक प्रकाशनमा अस्वस्थमा भक्त खरेल, रामजी दाहाल, श्रीराम पौडेल, जीवेश झा, राजेन्द्र पौडेल, झविन्द्र भुसाल, टुमराज कोइराला, उमेश पोखरेल, कोषराज कोइराला, नारायणप्रसाद घिमिरे, बृजकुमार यादव, सविका श्रेष्ठ, सारा पहारी, जीवन भण्डारी, विमला तुम्खेवा, सृष्टि काफ्ले र रामकुमार कामतका मिडिया विश्लेषण समावेश छन्।

नेपालको मिडिया क्षेत्रको अवस्था, विकासक्रम र चुनौती बाह्य संसारलाई बुझाउन एवं यहाँको नौला अभ्यास आदनप्रदान गर्न यो प्रकाशन प्रभावकारी हुने अध्यक्ष बस्नेतले बताए। काउन्सिलले मिडिया क्षेत्रको विकास र सुधारका लागि अध्ययन, अनुसन्धान एवं प्रकाशनलाई प्राथमिकता दिएर काम गर्दै आएको छ।

# कोशीमा बाढीले क्षति पुर्‍याएका सडक र पुल तत्काल मर्मत गरिने

**विराटनगर** (अन्नपूर्ण) : कोशी प्रदेशमा बाढी पहिरोले क्षति पुर्‍याएका सडक र पुल तत्काल मर्मत गरिने भएको छ।

मुख्यमन्त्री हिक्मतकुमार कार्कीले अविरल वर्षापछिको बाढी र पहिरोले क्षति पुर्‍याएका सडक, पुललगायत दसैंअघि मर्मत सम्भर गरिसक्ने गरी प्रदेश सरकार लागेको जानकारी दिए। तत्काल मर्मत सम्भार गरेर सडक र पुललाई प्रयोग योग्य बनाइने उनको भनाइ छ।

नेकपा (एमाले) कोशी प्रदेशका इन्चार्ज पूर्वमुख्यमन्त्री शेरधन राई, प्रदेश समिति अध्यक्ष घनश्याम खतिवडा र सचिव राजकुमार भण्डारीले शनिबार बिहान मुख्यमन्त्री कार्कीलाई ध्यानाकर्षण पत्र बुझाएका छन्। ध्यानाकर्षण पत्र बुझ्दै कार्कीले बाढी र पहिरोबाट पुगेको क्षतिको विवरण संकलन गर्ने काम भइरहेको बताए। असोज १३ गते बसेको मन्त्रिपरिषद्को बैठकले बाढी पहिरोबाट ज्यान गुमाएकाप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै पीडितको उद्धार, बेपत्ताहरूको खोजी, घाइतेको नि:शुल्क उपचार र पीडितलाई राहत उपलब्ध गराउने निर्णय गरिएको जानकारी कार्कीले दिए।






Government of Nepal
Ministry of Water Supply
**Department of Water Supply and Sewerage Management**
## Federal Water Supply and Sewerage Management Project
**Ilam**

## Re-Invitation of Bids

**Date of second publication : October 06, 2024.**

1. Federal Water Supply and Sewerage Management Project - Ilam, re-invites electronic bids from Nepalese eligible bidders for the following sealed quotation. Eligible bidder may obtain further information from the www.bolpatra.gov.np/egp.

| S. N. | IFB No: | Description of Works | Estimated Cost (Exclusive of VAT and Contingencies) | Bid Security Fee | Bid Document Fee (NRS.) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | 01/081/082/ SQG | Procurement and Supply of PE-100 Series HDPE Pipes for different Water Supply Projects of FWSSMP, Ilam | 17,69,599.60 | 50,000.00 | 1,000.00 | Oct 21,2024 10:00 hours. |

2. The employer reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning reason, whatsoever.

**Project Chief**

**Government of Nepal**
**Shivasatakshi Municipality**
## Office Of The MunicipalExecutive
**Jhapa, Nepal**

## Invitation for Bids

**Invitation for Bids No: 03/SM/NCB/Cons/2081/082**
**Date of publication: 2024/10/06(2081/06/20)**

1. Shivasatakshi Municipality invites electronic bids from Nepalese eligible bidders for the Construction of incomplete Jana Adarsha School Buildingunder National Competitive Bidding procedures.

| Contract Identification No | Name of Procurement | Estimated Amount (without VAT&ontinJHnF\) | Bid Document Fee ( NRs.) | Bid Security (NRs) |
|---|---|---|---|---|
| 03/SM/NCB/ Cons/2081/082 | Construct on of Incomplete Jana Adarsha School Phase VII | 1,04,74,320.65 | 3000.00 | 3,50,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shivasatakshi Municipality, Jhapa, Phone No: 023470323 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder must download the bidding documents for e-submission from PPMO's WebSite www.bolpatra.gov.np./egp,. Bidders must submit their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of thebids. Information to deposit the cost of bidding document in Bank: Name of the Bank: **Nepal Investment Mega Bank Nepal Ltd, Byangdada Branch**
Name of the Office: **Shivasatakshi Municipality**
Office Account no.(Rajaswa Khata): **29601400000017**
4. Pre-bid meeting shall be held at **2024/10/27 (2081/07/11) at11.00A.M.** on **Technical Department of Shivasatakshi Municipality.**
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12.00P.M. on 2024/11/05 (2081/07/20). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2.00P.M. on 2024/11/05 (2081/07/20) at the office of **Chief Executive Officer of Shivasatakshi Municipality**. Bids must be valid for a period of 90 Days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format,which must be deposited to Dharauti Account No: **29601400000048** on the behalf of **Shivasatakshi Municipality** at **Nepal Investment Mega Bank Limited, Byangdada Branch** amounting to a minimum of as stated above in bullet no1, or bid bond authorized from a recognized "A" class commercial or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. The Bid security amount stated above shall be valid for 30 days beyond the validity period.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid should comply in all respects with the instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064.
10. Shivasatakshi Municipality reserve the right to accept or reject, wholly or partly any or all the bidswithout assigning reason, whatsoever.

**Chief Administrative Officer**